# उत्तरवर्ती नेपाली कवितामा विधाविनिर्माण : प्रायोगिक संश्लेषणपत्रको प्रारूप

**अनिल अधिकारी, उपप्राध्यापक (नेपाली विभाग), महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस विराटनगर**
Email: aniladhikaribhojpur@gmail.com
Orcid ID : https://orcid.org/0009-0001-4095-8833

**अध्ययनको सार**

प्रस्तुत लेखमा उत्तरवर्ती नेपाली कवितामा विधाविनिर्माणसँग सम्बन्धित संश्लेषणअन्तर्गत प्रयोगिक संश्लेषणपत्रको रूपरेखा तथा लेखनपद्धतिका विषयमा विवेचना गरिएको छ । यस लेखका लागि सामग्रीको सङ्कलन पुस्तकालयबाट गरिएको छ भने यसमा द्वितीयक स्रोतका सामग्रीको उपयोग गरिएको छ । यस लेखमा विधिविनिर्माणका प्रारूपका विषयमा गरिएका पूर्वाध्ययनको समीक्षा गरी अध्ययनका लागि रिक्तताको पहिचान गर्ने आधार र अवधारणासम्बन्धी पक्षलाई विनिर्माण, अन्तर्घुलन, विधाप्रत्ययन र विधामिश्रणजस्ता विषयमा वर्गीकरण गरी अध्ययन गरिने भएकाले यो विषयवस्तु विश्लेषणकेन्द्री अध्ययन हो । यस लेखलाई निष्कर्षणका लागि गुणात्मक अनुसन्धान पद्धतिको उपयोग गरिएको छ । नेपाली साहित्यमा विधाविनिर्माणसम्बन्धी अध्ययन उत्तरआधुनिकताको प्रवृत्तिका रूपमा विनिर्माण स्थापित रहेको पक्षमा केन्द्रीकृत अवधारणा प्रस्तुत गरिएका छन् । साहित्यिक विधाविनिर्माणको प्रवृत्ति उत्तरआधुनिक नभई यो विनिर्माणको सिद्धान्तसापेक्ष नै प्रतिपाद्य रहने विषय रहेकाले नेपाली कविताको उत्तरवर्ती चरणमा मूल प्रवृत्तिका रूपमा स्थापित विधाविनिर्माणका विषयमा गरिएका पूर्वअध्ययनको विश्लेषण गरी यस विषयमा शोधरिक्तताको पहिचानसँग सम्बन्धित विषयको औचित्यको संश्लेषणका सम्बन्धमा यस लेखमा विमर्श गरिएको छ ।

*शब्दकुञ्जी* : विनिर्माण, अन्तर्घुलन, विधान्तरण, विधाप्रत्ययन, विधामिश्रण

Article's information : Manuscript received : 2024/09/07, Date of review : 2024/12/15, Date of manuscript acceptance 2025/02/06 Publisher : Mahandra Moranga Adrsh Multiple Campus, Biratnagar
DOI : https://doi.org/10.3126/medha.v7i2.76023
Homepage : https://www.nepjol.info/index.php/medha/index/ Copy right (c) 2024 Medha Journal
This work is licensed under the Creative Commons CC BY-NC License. https://creativecommons.org/licenses/by-nc/4.0/

## विषयपरिचय

प्रस्तुत अध्ययनमा मुख्य अनुसन्धेय विषयका रूपमा उत्तरवर्ती नेपाली कविता र विधाविनिर्माण रहेका छन् । नेपाली साहित्यको विवादित कालविभाजनको विषय उत्तरवर्ती चरणको निर्धारणका सन्दर्भमा पनि सोही प्रवृत्तिबाट मुक्त रहेको छैन । नेपाली साहित्यको समकालीनतासँग जोडिएको यस विषयलाई साहित्येतिहासकारहरूले २०३०, २०३६ र २०४६ सालको राजनीतिक परिवर्तनजस्ता घटनासँग जोडेर प्रस्तुत गरेका छन् । काल विभाजनको विषयलाई राजनीतिक, भाषिक र साहित्यिक आन्दोलनसँग जोडेर प्रस्तुत गरिएका तर्कहरू कतिपय मिल्दा र कतिपय अमिल्दा रहेका छन् तथापि काल विभाजन प्राक्कल्पनामा आधारित रहने तर्कमा विद्वान्हरू सहमत रहेका छन् । अध्ययनको सहजताका लागि साहित्यिक प्राप्ति र प्रवृत्तिका आधारमा आधुनिक कालको सूक्ष्म विभाजन गर्ने सन्दर्भमा समकालीनतासँग जोडिएको विषयका रूपमा उत्तरवर्ती चरणको अवधारणा विकास भएको छ । उत्तरवर्ती चरणको निर्धारण समकालीन अवधिमा नेपाली साहित्यले प्राप्त गरेका अनेकौं प्रवृत्तिका आधारमा भएको छ । समकालीन चरणलाई फरक आधार र अवधारणासहित यसका चरण–उपचरण निर्धारणका प्रयास भएका र अझै हुने क्रममा रहेका छन् । उत्तरवर्ती चरणमा आधुनिक नेपाली साहित्यमा विद्यमान परम्परित प्रवृत्तिको निरन्तरतासँगै नवीन प्रवृत्तिको ग्रहण, प्रयोग, प्रभाव र विस्तार भएको छ । नेपाली साहित्यले उत्तरआधुनिकतावादी बहुलतासम्बद्ध दर्शन, प्रवृत्ति र प्रतिमानको ग्रहण गर्ने क्रममा यसका विभिन्न प्रवृत्ति आत्मसात् गरेको छ । उत्तरवर्ती चरणका कवितामा उत्तरआधुनिकतावादको प्रभाव र विस्तार विनिर्माणवादी दर्शनका आधारमा साहित्य र समालोचना दुवै प्रवृत्ति स्थापित रहेको छ । विनिर्माणवादले सृजनात्मक

प्रवृत्तिलाई प्रभावित तुल्याएको उत्तरवर्ती चरणमा विनिर्माणिक प्रक्रियाका रूपमा विधाभञ्जन र विधामिश्रणको प्रवृत्ति स्थापित भएको छ । प्रस्तुत अध्ययन नेपाली कविताको उत्तरवर्ती चरणअन्तर्गत २०५५–२०६८ सालमा कवितासङ्ग्रहका रूपमा प्रकाशित र मुख्य कविता आन्दोलनसँग सम्बन्धित कवितामा विधामिश्रणसम्बद्ध रहेको छ ।

विधामिश्रण विनिर्माणवादी दार्शनिकता अनुप्रणित साहित्यकेन्द्री प्रतिमान रहेको छ । साहित्य सृजनाका क्रममा कुनै एक विधाको सार्वभौमिकतामा अन्य विधा सहकारी घटकका रूपमा अन्तर्मिश्रण भई साहित्यका विधा–उपविधाको निर्माण भई सिङ्गो समुच्चयका रूपमा साहित्यको निर्माण हुने पूर्व परम्परा रहेको छ । पूर्वपरम्पराका व्यतिरेकमा विनिर्माणवादले विधागत सहकारिता, अन्तर्सम्बन्ध अन्तर्मिश्रणका स्थानमा नयाँ प्रतिमानका रूपमा विधामिश्रणलाई स्थापित गरेको छ । विधामिश्रणको दार्शनिक र सैद्धान्तिक आधार निर्माणका लागि विनिर्माणवादी दार्शनिकता कारक र प्रेरक रहेको छ । विनिर्माणवादले स्थापना गरेका भिन्नता, स्थगन, रिक्तता, भरण, र केन्द्रविघटनको अवधारणा स्थापित गरेपछि र केन्द्रको स्वरूप प्राप्त विधाको स्वायत्तता नरहने सिद्धान्तको स्थापना भएसँगै विधामिश्रणले सैद्धान्तिक मान्यता प्राप्त गरेको हो । विधामिश्रण विनिर्माणिक प्रक्रियाका रूपमा रहने विधाभञ्जनबाट अनुप्रणित रहेको छ भने नेपाली साहित्यको उत्तरवर्ती चरणका पछिल्ला दशकमा विनिर्माणवादी दर्शनले सृजना र समालोचना क्षेत्र प्रभावित भएको छ । विनिर्माणवादले स्थापना गरेका प्रतिमानका आधारमा विधागत स्वायत्तता र केन्द्रविघटन भई अविधात्मक रूप भएका रचनाको सिर्जना हुने प्रवृत्ति विकसित बन्दै गएको छ । नेपाली साहित्यमा विनिर्माणवादको प्रभाव २०३०को दशकदेखि परेको हो भने विनिर्मित रचनाको रूपमा विधामिश्रण भई रचिएका कृतिको सङ्ख्या नेपाली साहित्यमा पर्याप्त मात्रामा रहेका छन् । यस अध्ययनमा नेपाली साहित्यको उत्तरवर्ती चरणमा रचना गरिएका नेपाली कवितामा विधामिश्रणको अध्ययन गरिएको छ । विधामिश्रण र अन्तर्सम्बन्धको परम्परा साहित्यलेखनको आरम्भसँगै जोडिएर आएको विषय भए पनि विनिर्माणवादी दर्शनले केन्द्रगामी पूर्ववर्ती प्रतिमानलाई अस्वीकार गरेको छ । यस अध्ययनमा विनिर्माणवादले निर्देशित गरेको विनिर्माणिक प्रक्रियाबाट सृजित कविताका विषयमा भएका अध्ययनको विश्लेषण गरिएको छ ।

## अध्ययनविधि

प्रस्तुत अध्ययन गुणात्मक अनुसन्धान पद्धतिमा आधारित रहेको छ । यस लेखको सामग्रीको स्रोत पुस्तकालय हो भने यसमा द्वितीयक स्रोतका सामग्रीको विश्लेषण गरिएको छ । यस लेखमा संश्लेषणलेखनको प्रायोगिक पद्धतिका आधारमा उत्तरवर्ती नेपाली कवितामा विधामिश्रणसँग सम्बन्धित भई गरिएका पूर्वकार्यको संश्लेषण विषयगत आधारमा विभाजन गरी कालक्रमिक ढाँचामा गरिएको छ । उत्तरवर्ती नेपाली कविताका सम्बन्धमा गरिएका अध्ययनलाई चार फरक विषयमा वर्गीकरण गरी सम्पन्न गरिने यस लेखमा विषयवस्तुकेन्द्री अध्ययन गरिएको छ । यस अध्ययनमा नेपाली कवितामा विनिर्माणवादी दार्शनिकताअनुसार स्थापित साहित्यकेन्द्री प्रतिमानका रूपमा रहेको विधामिश्रणका साथै विनिर्माणवादसम्बद्ध विषयमा भएका लेख–रचना, समालोचना, अनुसन्धान र शोधकार्यको समीक्षा गरिएको छ । समीक्षा गर्ने क्रममा विधामिश्रणका प्रतिमानहरू अन्तर्घुलन, विधान्तरण, विधाप्रत्ययन र यसका अतिरिक्त नेपाली साहित्यमा कविता इतरका अन्य विधामा भएका पूर्वकार्यलाई अध्ययनमा समेटिएको छ । यस अध्यनको पूर्णताका लागि कालक्रमिक ढाँचामा प्राप्त सामग्रीलाई विश्लेषण गरी तिनमा रहेको रिक्तता र अध्ययन गर्न बाँकी शोधक्षेत्रको पहिचान गरिएको छ ।

## नतिजा र विश्लेषण

विनिर्माणले साहित्यकेन्द्री विनिर्माणिक प्रक्रियाका रूपमा विधाभञ्जन र विधामिश्रणलाई केन्द्रीय तत्त्वको स्थान दिएको छ । विनिर्माणिक प्रक्रियाभित्र विधाभञ्जन भई विधामिश्रणका प्रतिमानका रूपमा अन्तर्घुलन, विधान्तरण र विधाप्रत्ययन जस्ता प्रतिमान निर्माण भएका छन् । यस अध्ययनपूर्व खोज, अनुसन्धान, शोधप्रक्रिया र स्वतन्त्र अध्ययनमा भएका उत्तरवर्ती चरणका कविताकेन्द्री विधामिश्रणको समीक्षाका अतिरिक्त साहित्यका अन्य विधामा भएका विनिर्माणिक प्रक्रियाका रूपमा गरिएका

अध्ययन/विश्लेषणलाई समेटिएको छ । यस अध्ययनमा विधामिश्रणका आधारका रूपमा अन्तर्घुलन, विधान्तरण र विधाप्रत्ययनजस्ता प्रतिमान र तिनको विनिर्माणसँगको अन्तर्सम्बन्ध निम्नलिखित तालिकामा उल्लेख भएअनुसार रहेको छ :

**तालिका १**

**विधामिश्रणसम्बन्धी पूर्वाध्यायनको पर्यावलोकन प्रक्रिया**

प्रस्तुत तालिकामा नेपाली साहित्यका विधाविनिर्माणको प्रक्रियाअन्तर्गत अन्तर्घुलन, विधान्तरण, विधाप्रत्ययन र विनिर्माणसम्बन्धी विषयमा गरिएका प्रयोगिक अध्ययनलाई प्रस्तुत गरिएको छ ।

| स्रोत/पूर्वाध्ययन | अन्तर्घुलन | विधान्तरण | विधाप्रत्ययन | विनिर्माण |
|---|---|---|---|---|
| गौतम, २०५९ | नाटक विधाका रूपमा रहेको प्रह्लादमा गीत, कविता, निबन्ध र आलोचनाजस्ता विधा अन्तर्घुलन भई परम्परित एकल विधाको स्वात्तता समाप्तिसँगै विधाभञ्जन भएको | + | + | ज्ञान/विज्ञान, स्वर्ग/नरक, अध्यात्मिकता/भौतिकता, पुण्य/पाप, सत्य/असत्य, विद्या/अविद्या, वर्तमान/अतीत, मीथक/इतिहास जस्ता द्विचर विरोधका आधारमा प्रह्लाद विनिर्णिवादी रचना रहेको |
| भट्टराई, २०६४ | + | सृजनाका क्रममा कविता विधा चित्र जस्ता बन्ने प्रक्रिया | कविताको सृजना गर्ने नाममा निबन्ध र चित्रको निर्माण गर्ने प्रवृत्ति | विनिर्माणवादी दर्शनले स्थापना गरेका प्रतिमानको प्रयोग भएका कृतिले परम्पराभञ्जन गरी नेपाली कवितालाई नयाँ मार्गतर्फ अग्रसर गराएको ।<br>विधाभञ्जन, अन्तर्पाठीयता, केन्द्रभञ्जन, प्रतिलोम विधिको अपरम्परित लेखन, |
| गौतम, २०६७ | विधाभञ्जन भई संरचित कृतिको परम्परित संरचना र अर्थमा भिन्नता आएको, खुल्ला पाठका रूपमा पाठकले कवितालाई निबन्ध र कथाका रूपमा पनि पढ्न र बोध गर्न सक्ने, | कविताबाट अरु विधाको स्वरूपतर्फ अभिमुख भएका रचना | कविता भनिएको तर निबन्ध र नाटकको रचना गरिएको | विधागत संरचना भत्किई अविधाको स्वरूप भएका रचनाको विनिर्माण विनिर्माणवाद अनुप्रणित दर्शनबाट पूर्णतः प्रभावित |
| घर्ती, २०७१ | + | + | + | वस्तु सङ्गठनमा भएको विनिर्माणका रूपमा दुई प्राचीन दर्शन र तिनले निर्धारण गरेको संस्कृति अन्तर्मिश्रण भई वर्तमान नेपाली समाज र संस्कृतिको निर्माण भएको तथा द्विचर विरोधका रूपमा प्रकृति–संस्कृति, विचार–दर्शन, जीवनशैली र चेतना आएको |

**तालिका २**

**अन्तर्घुलनसम्बन्धी पूर्वाध्यायनको पर्यावलोकन प्रक्रिया**

प्रस्तुत तालिकामा नेपाली साहित्यका विधाविनिर्माणको प्रक्रियाअन्तर्गत अन्तर्घुलनसम्बन्धी विषयमा गरिएका प्रयोगिक अध्ययनलाई प्रस्तुत गरिएको छ ।

| सङ्क्षिप्त सन्दर्भसूची | सारांशीकरण | संश्लेषण |
|---|---|---|
| गौतम. कृष्ण (२०५९). *आधुनिक आलोचनाः अनेक रूप अनेक पठन*. (दोस्रो संस्क.) साझा प्रकाशन। नाटक विधाका रूपमा रहेको प्रह्लादमा गीत, कविता, निबन्ध र आलोचनाजस्ता विधा अन्तर्घुलन भई परम्परित एकल विधाको स्वात्तता समाप्तिसँगै विधाभञ्जन भएको, | कृष्ण गौतम (२०५९) ले प्रह्लाद विधाभञ्जन भई धेरै विधाको स्वायत्तता स्थापित गर्ने रचनाका रूपमा विश्लेषण गरेका छन्। यस तर्कको प्रतिरक्षाका लागि उनले विधामिश्रण भई नाटक विधाका रूपमा रहेको प्रह्लादमा गीत, कविता, निबन्ध र आलोचनाजस्ता विधा अन्तर्घुलन भई परम्परित एकल विधाको स्वात्तता समाप्त भएको दृष्टिकोण प्रस्तुत गरेका छन् (३४१)। यस अध्ययनले परम्परित साहित्यसिद्धान्तले स्थापित गरेको विधागत स्वात्ततालाई विकेन्द्रित गरी एउटा विधामा अनेक विधाको उपस्थिति रहने विधाभञ्जनको प्रक्रियाबाट विनिर्मित रचनाको रूपमा प्रह्लाद नाटकलाई विवेचना गरेको छ। प्रह्लाद नाटक अध्ययन गर्दा पाठकले पाठकले प्राप्त गर्ने फरक विधाको आश्वादन नाटकीय सार्वभौमिकतामा छोपिएको अर्थात् नाटक विधामा अन्तगर्भित भएर आएको छ। | बालकृष्ण समको प्रह्लाद नाटकको विसङ्घटनात्मक पठन गर्ने क्रममा समालोचक कृष्ण गौतमले प्रह्लाद विधाभञ्जन भई धेरै विधाको स्वायत्तता स्थापित गर्ने रचनाका रूपमा विश्लेषण गरेका छन्। यस तर्कको प्रतिरक्षाका लागि उनले विधामिश्रण भई नाटक विधाका रूपमा रहेको प्रह्लादमा गीत, कविता, निबन्ध र आलोचनाजस्ता विधा अन्तर्घुलन भई परम्परित एकल विधाको स्वात्तता समाप्त भएको दृष्टिकोण प्रस्तुत गरेका छन् (३४१)। यस अध्ययनले परम्परित साहित्यसिद्धान्तले स्थापित गरेको विधागत स्वात्ततालाई विकेन्द्रित गरी एउटा विधामा अनेक विधाको उपस्थिति रहने विधाभञ्जनको प्रक्रियाबाट विनिर्मित रचनाको रूपमा प्रह्लाद नाटकलाई विवेचना गरेको छ। प्रह्लाद नाटक अध्ययन गर्दा पाठकले पाठकले प्राप्त गर्ने फरक विधाको आश्वादन नाटकीय सार्वभौमिकतामा छोपिएको अर्थात् नाटक विधामा अन्तगर्भित भएर आएको छ। कहाँ कुन विधाको उपस्थिति कसरी भएको छ भन्ने पक्षको पूर्णाङ्गी अध्ययन नगरिएको यस विवेचनामा संश्लेषित रूपमा नाटकमा पाठकले विधागत विविधता र आश्वादन प्राप्त गर्ने आधारलाई सङ्केत गरेको छ। यस अध्ययनले साहित्यका विधा–उपविधामा रहने विधागत सहकारिताको पूर्वपरम्परालाई आत्मसात गरेका नेपाली साहित्यका सबै विधामा विधामिश्रणको अध्ययन विनिर्माणवादी साहित्यकेन्द्री प्रतिमानका आधारमा गर्नसक्ने रिक्ततालाई प्रष्ट रूपमा औंल्याउनुका साथै आगामी अध्ययनको प्रवेशविन्दुलाई निर्देशित गरेको छ। |
| भट्टराई. गोविन्दराज (२०६४). उत्तरआधुनिक ऐना (दोस्रो संस्क.), रत्न पुस्तक भण्डार। | + | + |
| गौतम. लक्ष्मणप्रसाद (२०६७). समकालीन नेपाली कविताका प्रवृत्ति. पैरवी बुक हाउस। विधाभञ्जन भई संरचित कृतिको परम्परित संरचना र अर्थमा भिन्नता आएको, खुल्ला पाठका रूपमा पाठकले कवितालाई निबन्ध र कथाका रूपमा पनि पढ्न र बोध गर्न सक्ने, | उत्तरवर्ती नेपाली कवितामा विधामिश्रण सशक्त प्रतिमानका रूपमा स्थापित बन्दै गएको सन्दर्भलाई लक्ष्मणप्रसाद गौतम (२०६७) ले विश्लेषण गरेका छन्। विनिर्माणिक प्रक्रियाका रूपमा रहने विधाभञ्जन उत्तरवर्ती कविताको मुख्य प्रवृत्ति बन्दै गएको विषयलाई यस चरणका क्रियाशील स्रष्टाका सृजनालाई गौतमको चयनमा परेका छन्। जगदीश शमशेर राणा, मोहनविक्रम सिंह, क्षेत्रप्रताप अधिकारी, चन्द्र योङ्खा र कुमार नगरकोटीका कविताका अंशलाई उदाहरणका रूपमा चयन गरी तिनको विधाभञ्जनको प्रक्रिया र विनिर्मित स्वरूपका रूपमा विधामिश्रण भएका रचनाको विवेचना गरेका छन् (४८४–४८९)। गौतमको अध्ययनले नेपाली कविताको उत्तरवर्ती चरणमा विधामिश्रण भई कविता सृजना भएको तथ्यलाई पुष्टि गरेको छ। | उत्तरवर्ती नेपाली कवितामा विधामिश्रण सशक्त प्रतिमानका रूपमा स्थापित बन्दै गएको सन्दर्भलाई लक्ष्मणप्रसाद गौतम (२०६७) ले विश्लेषण गरेका छन्। विनिर्माणिक प्रक्रियाका रूपमा रहने विधाभञ्जन उत्तरवर्ती कविताको मुख्य प्रवृत्ति बन्दै गएको विषयलाई यस चरणका क्रियाशील स्रष्टाका सृजनालाई गौतमको चयनमा परेका छन्। जगदीश शमशेर राणा, मोहनविक्रम सिंह, क्षेत्रप्रताप अधिकारी, चन्द्र योङ्खा र कुमार नगरकोटीका कविताका अंशलाई उदाहरणका रूपमा चयन गरी तिनको विधाभञ्जनको प्रक्रिया र विनिर्मित स्वरूपका रूपमा विधामिश्रण भएका रचनाको विवेचना गरिएको छ (४८४–४८९)। यस अध्ययनले नेपाली कविताको उत्तरवर्ती चरणमा विधामिश्रण भई कविता सृजना भएको तथ्यलाई पुष्टि गरेको छ। यस अध्ययनमा कविता विधामा समाचार अन्तर्घुलन भएको सृजनाका रूपमा क्षेत्रप्रताप अधिकारीको कवितालाई चयन गरिएको छ। यसले संश्लेषित रूपमा उत्तरवर्ती चरणमा विधामिश्रणको प्रवृत्ति स्थापित भएको विषयलाई प्रमाणित गरेको छ भने त्यसले विधाभञ्जनको प्रक्रियाबाट विधामिश्रण भएको सन्दर्भलाई प्रस्तुत गरेको छ। सीमित सामग्रीको विश्लेषण भएको यस अध्ययनले परवर्ती अध्येताका लागि संश्लेषित संरचनामा आगामी अनुसन्धानको रिक्तताको पहिचान र अध्ययनीय विषयतर्फ सङ्केत गरेको छ। |

| | | |
|---|---|---|
| घर्ती. दुर्गाबहादुर (२०७१). 'विनिर्माणवादी दृष्टिमा सुम्निमा उपन्यास'. वाङ्मय. वर्ष–१५ (१५) पृ. । | + | + |

**तलिका ३**

**विधाप्रत्ययनसम्बन्धी पूर्वाध्यायनको पर्यावलोकन प्रक्रिया**

प्रस्तुत तालिकामा नेपाली साहित्यका विधाविनिर्माणको प्रक्रियाअन्तर्गत विधान्तरणसम्बन्धी विषयमा गरिएका प्रयोगिक अध्ययनलाई प्रस्तुत गरिएको छ।

| सङ्क्षिप्त सन्दर्भसूची | सारांशीकरण | संश्लेषण |
|---|---|---|
| गौतम. कृष्ण (२०५९). *आधुनिक आलोचनाः अनेक रूप अनेक पठन*. (दोस्रो संस्क.) साझा प्रकाशन। | + | + |
| भट्टराई. गोविन्दराज (२०६४). उत्तरआधुनिक ऐना (दोस्रो संस्क.), रत्न पुस्तक भण्डार। सृजनाका क्रममा कविता विधा चित्र जस्ता बन्ने प्रक्रिया | गोविन्दराज भट्टराई (२०६४) ले उत्तरआधुनिक काव्यिक प्राप्तिका रूपमा विधाप्रत्ययनको शैली नेपाली कविताले अवलम्बन गरेको पक्षको पृष्ठपोषण गर्दै कविताका रूपमा रचना भएका सृजना निबन्धात्मक रहेको र शब्दका माध्यमबाट चित्रकारिताको ढाँचामा भएको प्रस्तुतिलाई परम्परित मान्यताको भञ्जन भई नवीन प्राप्तिका रूपमा विधिवत् नेपाली साहित्यले विनिर्माणिक प्रक्रिया अवलम्बन गरेको विषयलाई विवेचना गरेका छन् (१६०–१७९) । भट्टराईको यस अध्ययनले उत्तरवर्ती नेपाली कवितामा विधाप्रत्ययन भई विधामिश्रण हुने पक्षको पृष्ठपोषण गरेको छ भने विधाप्रत्ययनलाई विधामिश्रणको प्रतिमान स्वीकार गरेको छ। | गोविन्दराज भट्टराई (२०६४)ले उत्तरआधुनिक काव्यिक प्राप्तिका रूपमा विधाप्रत्ययनको शैली नेपाली कविताले अवलम्बन गरेको पक्षको पृष्ठपोषण गर्दै कविताका रूपमा रचना भएका सृजना निबन्धात्मक रहेको र शब्दका माध्यमबाट चित्रकारिताको ढाँचामा भएको प्रस्तुतिलाई परम्परित मान्यताको भञ्जन भई नवीन प्राप्तिका रूपमा विधिवत् नेपाली साहित्यले विनिर्माणिक प्रक्रिया अवलम्बन गरेको विषयलाई विवेचना गरेका छन् (१६०–१७९)। भट्टराईको यस अध्ययनले उत्तरवर्ती नेपाली कवितामा विधाप्रत्ययन भई विधामिश्रण हुने पक्षको पृष्ठपोषण गरेको छ भने विधाप्रत्ययनलाई विधामिश्रणको प्रतिमान स्वीकार गरेको छ । रङ्गवादी आन्दोलनसम्बद्ध स्रष्टाका सृजनाको विनिर्माणवादी विवेचना गर्ने क्रममा भएको यस अध्ययनले विधाभञ्जन भएको सन्दर्भलाई प्रस्तुत गर्ने क्रममा विधाप्रत्ययनको विषयले साङ्केतिक रूपमा प्रवेश पाएको छ । अविधात्मक स्वरूप र संरचनामा कविताको रचना हुने उत्तरवर्ती चरणका कवितामा विधाप्रत्ययनका आधारमा विधामिश्रण हुने आधार प्रस्तुत गरेको छ। |
| गौतम. लक्ष्मणप्रसाद (२०६७). समकालीन नेपाली कविताका प्रवृत्ति. पैरवी बुक हाउस। कविताबाट अरु विधाको स्वरूपतर्फ अभिमुख भएका रचना | गौतम (२०६७) ले समकालीन नेपाली कविताको प्रवृत्तिका रूपमा स्थापित भएको विधाभञ्जनका आधारमा विधाप्रत्ययन भई सृजना हुने विषयलाई विवेचना गरेका छन्। उत्तरवर्ती कवितामा कविता भनिएको तर नाटकीय, निबन्धात्मक, आख्यानात्मक र कतिपय रचनामा सञ्चार माध्यममा वाचन गरिने समाचारको ढाँचामा सृजना हुने प्रक्रिया विधाप्रत्ययनको उदाहरणका रूपमा रहेको निष्कर्ष निकालेका छन् (४८४–४८९) । सीमित कवितालाई प्रतिनिधिमूलक | गौतम (२०६७) ले समकालीन नेपाली कविताको प्रवृत्तिका रूपमा स्थापित भएको विधाभञ्जनका आधारमा विधाप्रत्ययन भई सृजना हुने विषयलाई विवेचना गरेका छन्। उत्तरवर्ती कवितामा कविता भनिएको तर नाटकीय, निबन्धात्मक, आल्यानात्मक र कतिपय रचनामा सञ्चार माध्यममा वाचन गरिने समाचारको ढाँचामा सृजना हुने प्रक्रिया विधाप्रत्ययनको उदाहरणका रूपमा रहेको निष्कर्ष निकालेका छन् (४८४–४८९) । यस संश्लेषित अध्ययनले कविताको विधागत सार्वभौमिकता भञ्जन गरी रचना भएका सृजनाको पर्याप्तता उत्तरवर्ती चरणमा रहेको तथा तिनको अनुसन्धान गर्न सकिने आधार प्रदान गरेको छ। |

| | | |
|---|---|---|
| | रूपमा चयन गरी तिनका आधारमा समकालीन प्रवृत्ति पहिचान गर्ने सन्दर्भमा भएको यस अध्ययनका आफ्नै सीमा रहे पनि विनिर्माण प्रक्रियाका बारेमा बोध गर्न सहयोग पुऱ्याएको छ । | |
| घर्ती. दुर्गाबहादुर (२०७१). 'विनिर्माणवादी दृष्टिमा सुम्निमा उपन्यास'. वाङ्मय. वर्ष–१५ (१५) पृ. । | + | + |

**तालिका ४**

**विनिर्माणसम्बन्धी पूर्वाध्यायनको पर्यावलोकन प्रक्रिया**

प्रस्तुत तालिकामा नेपाली साहित्यका विधाविनिर्माणको प्रक्रियाअन्तर्गत विनिर्माणसम्बन्धी विषयमा गरिएका प्रयोगिक अध्ययनलाई प्रस्तुत गरिएको छ ।

| सङ्क्षिप्त सन्दर्भसूची | सारांशीकरण | संश्लेषण |
|---|---|---|
| गौतम. कृष्ण (२०५९). *आधुनिक आलोचनाः अनेक रूप अनेक पठन*. (दोस्रो संस्क.) साझा प्रकाशन । | कृष्ण गौतम (२०५९)ले प्रह्लाद नाटकको विसङ्घटनात्मक अध्ययन गर्ने सन्दर्भमा द्विचर विरोधका रूपमा ज्ञान/विज्ञान, स्वर्ग/नरक, अध्यात्मिकता/भौतिकता, पुण्य/पाप, सत्य/असत्य, विद्या/अविद्या, वर्तमान/अतीत, मीथक/इतिहास, केन्द्रको विघटनका रूपमा आध्यात्मिक ज्ञान माथिको संशय तथा विधाभञ्जनका रूपमा नाटकमा अन्य विधाको प्रयोगले प्रस्तुत नाटक विनिर्माणवादी आधारमा उभिएको निष्कर्ष निकालेका छन् (३३६–३४३) । नाटकको विवेचना भएको गौतमको यस अध्ययनले साहित्यको नाटकको मात्र नभई अन्य विधाका कृतिको विनिर्माणवादी सिद्धान्त र त्यसका प्रतिमानका आधारमा अध्ययन गर्न सकिने आधार प्रस्तुत गरेको छ । | कृष्ण गौतम (२०५९) ले प्रह्लाद नाटकको विसङ्घटनात्मक अध्ययन गर्ने सन्दर्भमा द्विचर विरोधका रूपमा ज्ञान/विज्ञान, स्वर्ग/नरक, अध्यात्मिकता/भौतिकता, पुण्य/पाप, सत्य/असत्य, विद्या/अविद्या, वर्तमान/अतीत, मीथक/इतिहास, केन्द्रको विघटनका रूपमा आध्यात्मिक ज्ञान माथिको संशय तथा विधाभञ्जनका रूपमा नाटकमा अन्य विधाको प्रयोगले प्रस्तुत नाटक विनिर्माणवादी आधारमा उभिएको निष्कर्ष निकालेका छन् (३३६–३४३) । नाटकको विवेचना भएको गौतमको यस अध्ययनले साहित्यको नाटकको मात्र नभई अन्य विधाका कृतिको विनिर्माणवादी सिद्धान्त र त्यसका प्रतिमानका आधारमा अध्ययन गर्न सकिने आधार प्रस्तुत गरेको छ । यसका अतिरिक्त साहित्यको एक कालखण्डको मात्र नभई सबै कालखण्ड र विधा विकासका चरणसम्बद्ध सृजनाको अध्ययन गर्न सकिने अवधारणा प्रस्तुत गरेको छ । |
| भट्टराई. गोविन्दराज (२०६४). उत्तरआधुनिक ऐना (दोस्रो संस्क.), रत्न पुस्तक भण्डार । | गोविन्दराज भट्टराई (२०६४)ले विनिर्माणवादी दर्शनले स्थापना गरेका प्रतिमानको प्रयोग भएका कृतिले परम्पराभञ्जन गरी नेपाली कवितालाई नयाँ मार्गतर्फ अग्रसर गराई विधाभञ्जन, अन्तर्पाठीयता, केन्द्रभञ्जन, प्रतिलोम विधिको अपरम्परित लेखन जस्ता प्रविधि र प्रवृत्ति नेपाली कवितामा उत्तरआधुनिकतालाई स्थापित गर्ने मार्ग रहेको निष्कर्ष निकालेका छन् (१६०–१७९) । भट्टराईको अध्ययनमा विनिर्माणवादका स्थानमा | गोविन्दराज भट्टराई (२०६४)ले विनिर्माणवादी दर्शनले स्थापना गरेका प्रतिमानको प्रयोग भएका कृतिले परम्पराभञ्जन गरी नेपाली कवितालाई नयाँ मार्गतर्फ अग्रसर गराई विधाभञ्जन, अन्तर्पाठीयता, केन्द्रभञ्जन, प्रतिलोम विधिको अपरम्परित लेखन जस्ता प्रविधि र प्रवृत्ति नेपाली कवितामा उत्तरआधुनिकतालाई स्थापित गर्ने मार्ग रहेको निष्कर्ष निकालेका छन् (१६०–१७९) । भट्टराईको अध्ययनमा विनिर्माणवादका स्थानमा उत्तरआधुनिकता शब्दलाई प्रविधिक र पारिभाषिक शब्दका रूपमा प्रयोग गरे पनि विश्लेषणको सैद्धान्तिक |

| | | |
|---|---|---|
| सृजनाका क्रममा कविता विधा चित्र जस्ता बन्ने प्रक्रिया | उत्तरआधुनिकता शब्दलाई प्रविधिक र पारिभाषिक शब्दका रूपमा प्रयोग गरे पनि विश्लेषणको सैद्धान्तिक आधारका रूपमा विनिर्माणवादी दर्शनले स्थापित गरेका प्रतिमान उपयोग भएका छन् । | आधारका रूपमा विनिर्माणवादी दर्शनले स्थापित गरेका प्रतिमानलाई उपयोग गरेका छन् । एक अर्थमा उनले विनिर्माणवादलाई उत्तरआधुनिकताको पर्यायवाची शब्दका रूपमा परिभाषित गर्न खोजेझैं देखिन्छ भने विनिर्माणवादलाई बहुलवादी दर्शनका स्थानमा महिमामण्डित गर्न खोजेको अर्थ परिलाउन सकिन्छ । उनको अध्ययनले विनिर्माणवादले नेपाली साहित्यको सृजन क्षेत्रमा परम्परित लेखनका स्वरूप र संरचनालाई भञ्जन गरी नवीन प्रवृत्तितर्फ अग्रसर गराएको तथ्यले परवर्ती अध्ययनकका लागि स्थान र मार्ग निर्देशन गरेको छ । |
| गौतम. लक्ष्मणप्रसाद (२०६७). समकालीन नेपाली कविताका प्रवृत्ति. पैरवी बुक हाउस । कविताबाट अरु विधाको स्वरूपतर्फ अभिमुख भएका रचना | गौतम (२०६७)ले नेपाली कविताको समकालीन प्रवृत्तिका रूपमा विनिर्माणवादी दर्शन र सिद्धान्तबाट प्रभाव ग्रहण गरी सृजना गर्ने प्रवृत्ति स्थापित भएको विषयलाई सोदाहरण विवेचना गरेका छन् । पुराना केन्द्रको भञ्जन र नयाँ केन्द्रको स्थापना, अर्थको अनिर्धारण जस्ता समकालीन नेपाली कविता विनिर्माणवादी दर्शन र सिद्धान्तबाट प्रभावित रहेका रचनामा विनिर्माणका रूपमा केन्द्र–किनाराको आवाज र अनिश्चित अर्थमा संरचित कृतिमा विधागत संरचना भत्किई अविधाको स्वरूप भएका रचनाको निर्माण विनिर्माणवाद अनुप्रणित दर्शनबाट पूर्णतः प्रभावित रहेको निष्कर्ष निकालेका छन् (४८०–४८८) । यस अध्ययनले समकालीन अवधिमा विनिर्माणवादी लेखन पद्दतिलाई नेपाली कविताले ग्रहण गरिसकेको तथा त्यस सिद्धान्तका सापेक्षमा सृजनाप्रक्रिया क्रियाशील रहेको विषयलाई पुष्टि गरेको छ । | नेपाली कविताको आधुनिक अवधिको पछिल्लो चरणमा विद्यमान प्रवृत्तिका विषयमा अध्ययन गरेका गौतम (२०६७) ले नेपाली कविताको समकालीन प्रवृत्तिका रूपमा विनिर्माणवादी दर्शन र सिद्धान्तबाट प्रभाव ग्रहण गरी सृजना गर्ने प्रवृत्ति स्थापित भएको विषयलाई सोदाहरण विवेचना गरेका छन् । पुराना केन्द्रको भञ्जन र नयाँ केन्द्रको स्थापना, अर्थको अनिर्धारण जस्ता समकालीन नेपाली कविता विनिर्माणवादी दर्शन र सिद्धान्तबाट प्रभावित रहेका रचनामा विनिर्माणका रूपमा केन्द्र–किनाराको आवाज र अनिश्चित अर्थमा संरचित कृतिमा विधागत संरचना भत्किई अविधाको स्वरूप भएका रचनाको निर्माण विनिर्माणवाद अनुप्रणित दर्शनबाट पूर्णतः प्रभावित रहेको निष्कर्ष निकालेका छन् (४८०–४८८) । यस अध्ययनले समकालीन अवधिमा विनिर्माणवादी लेखन पद्दतिलाई नेपाली कविताले ग्रहण गरिसकेको तथा त्यस सिद्धान्तका सापेक्षमा सृजनाप्रक्रिया क्रियाशील रहेको विषयलाई पुष्टि गरेको छ । |
| घर्ती. दुर्गाबहादुर (२०७१). 'विनिर्माणवादी दृष्टिमा सुम्निमा उपन्यास'. वाङ्मय. वर्ष–१५ (१५) पृ. । | दुर्गाबहादुर घर्ती (२०७१)ले प्राचीन दर्शन र तिनले निर्धारण गरेको संस्कृतिको भञ्जन एवं किरात संस्कृतिसँग उक्त संस्कृति अन्तर्मिश्रण भई वर्तमान नेपाली समाज र संस्कृतिको निर्माण भएको तथा द्विचर विरोधका रूपमा प्रकृति–संस्कृति, विचार–दर्शन, जीवनशैली–चेतना जस्ता विषयलाई विनिर्माणको आधार र व्याख्येय प्रतिमान मानी अध्ययनलाई पूर्णता दिएका छन् (६९–७९) । यस अध्ययनमा उपन्यासलाई आधार मानी पूर्णता दिइएको छ भने विनिर्माणवादका भिन्नता र द्विचरविरोध जस्ता प्रतिमानका आधारमा मात्र विवेचना गर्नु सीमा बन्न पुगेको छ । | सुम्निमा उपन्यासको विनिर्माणवादी अध्ययन गरेका दुर्गाबहादुर घर्ती (२०७१) ले प्राचीन दर्शन र तिनले निर्धारण गरेको संस्कृतिको भञ्जन एवं किरात संस्कृतिसँग उक्त संस्कृति अन्तर्मिश्रण भई वर्तमान नेपाली समाज र संस्कृतिको निर्माण भएको तथा द्विचर विरोधका रूपमा प्रकृति–संस्कृति, विचार–दर्शन, जीवनशैली–चेतना जस्ता विषयलाई विनिर्माणको आधार र व्याख्येय प्रतिमान मानी अध्ययनलाई पूर्णता दिएका छन् (६९–७९) । यस अध्ययनमा उपन्यासलाई आधार मानी पूर्णता दिइएको छ भने विनिर्माणवादका भिन्नता र द्विचरविरोध जस्ता प्रतिमानका आधारमा मात्र विवेचना गर्नु सीमा बन्न पुगेको छ । उपन्यासलाई अन्य प्रतिमानका आधारमा विवेचना गर्नसक्ने पर्याप्त आधार रहेका छन् । यस अभ्यनले विवेच्य उपन्यासमा रहेको विधाभञ्जन र विधामिश्रण जस्ता विनिर्माणिक प्रक्रियाका बारेमा उल्लेख र सङ्केत गरेको छैन । |

उपर्युक्त तालिकामा प्रस्तुत गरिएका विषयका आधारमा उत्तरवर्ती नेपाली कवितामा विधिमिश्रणसम्बन्धी प्रायोगिक पक्षको संश्लेषणको विवेचना तलका उपशीर्षकमा गरिएको छ :

## उत्तरवर्ती नेपाली कवितामा अन्तर्घुलन

कवितामा अन्तर्घुलन विधागत स्वायत्तता र संरचनाको स्वरूपमा कुनै प्रत्यक्ष प्रभाव नदेखिने तरिकाले प्रस्तुत भएको हुन्छ । अन्तर्घुलन भई संरचना भएका कवितामा कुन विधाको मिश्रण कसरी भएको छ भन्ने पक्षलाई खोज्नु जटिल प्रक्रिया

मानिन्छ। नेपाली साहित्यमा अन्तर्घुलन भई भिन्न विधाका भिन्न रहने परम्परा पुरानै रहेको छ भने यस प्रकारका संरचनालाई मूल विधाकै सहकारी घटकका रूपमा अन्य विधालाई सकारिएको छ। उत्तरवर्ती चरणमा मात्र नभई विधा विघटन र विधामिश्रणको प्रगोग आधुनिक कालको आरम्भदेखि हुँदैआएको अध्ययनले देखाएको छ। बालकृष्ण समको प्रह्लाद नाटकको विसङ्घटनात्मक पठन गर्ने क्रममा कृष्ण गौतमको *आधुनिक आलोचना : अनेक रूप अनेक पठन* (२०५९) पुस्तकमा ले बालकृष्ण समको प्रह्लाद नाटक विधाभञ्जन भई धैरै विधाको स्वायत्तता स्थापित गर्ने रचना रहेको विषयमा विमर्श गरिएको छ। यस तर्कको प्रतिरक्षाका लागि पुस्तकले विधामिश्रण भई नाटक विधाका रूपमा रहेको प्रह्लादमा गीत, कविता, निबन्ध र आलोचनाजस्ता विधा अन्तर्घुलन भई परम्परित एकल विधाको स्वात्तता समाप्त भएको दृष्टिकोण प्रस्तुत गरेको छ। यस अध्ययनले परम्परित साहित्यसिद्धान्तले स्थापित गरेको विधागत स्वात्ततालाई विकेन्द्रित गरी एउटा विधामा अनेक विधाको उपस्थिति रहने विधाभञ्जनको प्रक्रियाबाट विनिर्मित रचनाको रूपमा प्रह्लाद नाटकलाई विवेचना गरेको छ। प्रह्लाद नाटक अध्ययन गर्दा पाठकले पाठकले प्राप्त गर्ने फरक विधाको आश्वादन नाटकीय सार्वभौमिकतामा छोपिएको अर्थात् नाटक विधामा अन्तगर्भित भएर आएको छ। कहाँ कुन विधाको उपस्थिति कसरी भएको छ भन्ने पक्षको पूर्णाङ्गी अध्ययन नगरिएको यस विवेचनामा संश्लेषित रूपमा नाटकमा पाठकले विधागत विविधता र आश्वादन प्राप्त गर्ने आधारलाई सङ्केत गरेको छ। यस अध्ययनले साहित्यका विधा–उपविधामा रहने विधागत सहकारिताको पूर्वपरम्परालाई आत्मसात गरेका नेपाली साहित्यका सबै विधामा विधामिश्रणको अध्ययन विनिर्माणवादी साहित्यकेन्द्री प्रतिमानका आधारमा गर्नसक्ने रिक्ततालाई प्रष्ट रूपमा औंल्याउनुका साथै आगामी अध्ययनको प्रवेशविन्दुलाई निर्देशित गरेको छ।

समकालीन र समकालीनताको परवर्ती चरणमा नेपाली कविताका साथै अन्य विधामा पनि विधामिश्रणको प्रयोग र प्रभाव विकसित र विस्तारित भएको छ। विधामिश्रण ण्स चरणको सशक्त प्रवृत्तिका रूपमा स्थापित भएको छ। उत्तरवर्ती नेपाली कवितामा विधामिश्रण सशक्त प्रतिमानका रूपमा स्थापित बन्दै गएको सन्दर्भ लक्ष्मणप्रसाद गौतम (२०६७) को *समकालीन नेपाली कविताका प्रवृत्ति* पुस्तकमा विश्लेषण गरिएको छ। विनिर्माणिक प्रक्रियाका रूपमा रहने विधाभञ्जन उत्तरवर्ती कविताको मुख्य प्रवृत्ति बन्दै गएको विषयलाई यस चरणका क्रियाशील स्रष्टाका सृजनालाई यस पुस्तकको चयनमा परेका छन्। जगदीश शमशेर राणा, मोहनविक्रम सिंह, क्षेत्रप्रताप अधिकारी, चन्द्र योङ्खा र कुमार नगरकोटीका कविताका अंशलाई उदाहरणका रूपमा चयन गरी तिनको विधाभञ्जनको प्रक्रिया र विनिर्मित स्वरूपका रूपमा विधामिश्रण भएका रचनाको विवेचना गरिएको यस अध्ययनले नेपाली कविताको उत्तरवर्ती चरणमा विधामिश्रण भई कविता सृजना भएको तथ्यलाई पुष्टि गरेको छ। यस अध्ययनमा कविता विधामा समाचार अन्तर्घुलन भएको सृजनाका रूपमा क्षेत्रप्रताप अधिकारीको कवितालाई चयन गरिएको छ। यसले संश्लेषित रूपमा उत्तरवर्ती चरणमा विधामिश्रणको प्रवृत्ति स्थापित भएको विषयलाई प्रमाणित गरेको छ भने त्यसले विधाभञ्जनको प्रक्रियाबाट विधामिश्रण भएको सन्दर्भलाई प्रस्तुत गरेको छ। सीमित सामग्रीको विश्लेषण भएको यस अध्ययनले परवर्ती अध्येताका लागि संश्लेषित संरचनामा आगामी अनुसन्धानको रिक्तताको पहिचान र अध्ययनीय रहेके विषयमा रिक्तता स्थापित छ।

## उत्तरवर्ती नेपाली कवितामा विधान्तरण

विधान्तरण एक विधाको केन्द्रीय सत्ता/सार्वभौमिकतामा संरचित सृजनाले अर्को विधाको अभिलक्षण र तत्त्वलाई ग्रहण गर्दै संरचनाले पूर्णता पाउने विनिर्माणिक प्रक्रियाका रूपमा रहेको छ। विधान्तरण भई साहित्यका विधा–उपविधाको सृजना हुने परम्परा उत्तरवर्ती चरणको मात्र प्रवृत्ति नरहे पनि यसलाई साहित्यकेन्द्री प्रतिमानका रूपमा विनिर्माणवादले अङ्गीकार गरेको छ। गोविन्दराज भट्टराई २०६४ को *उत्तरआधुनिक ऐना* शीर्षकको पुस्तकले भीरैभीरको रङ्ग र रङ्गैरङ्गको भीर कविताको विश्लेषण गर्ने सन्दर्भमा उत्तरआधुनिकता र विनिर्माणवादको प्रभावका रूपमा विधान्तरणको विवेचना गर्दै नवीन

शैलीको ग्रहण गर्ने क्रममा नेपाली साहित्यमा यस प्रवृत्तिले प्रवेश पाई उत्तरवर्ती चरणमा भएका आन्दोलनले परम्परित रचनाविधानलाई विस्थापित गरी नयाँ शैली अवलम्बन गर्ने क्रममा विधान्तरण नेपाली कविताको प्राप्तिका रूपमा भित्रिएको विषयलाई विवेचना गरेको छ । यस चरणमा नवीन शैलीका रूपमा भित्रिएको चित्रात्मक शैली र परम्परित ढाँचामा आरम्भ गरिने लेखनका व्यतिरेकमा अन्त्यबाट आरम्भ गर्ने प्रयोग र प्राप्तिका रूपमा कविताको विधान्तरण भई कविताको विधागत स्वायत्तता समाप्त भएको छ । यस अध्ययनले नेपाली कवितामा विकसित बन्दै गएको नवीन शैलीले विधाविघटन भई कविता गैरकविता तथा कलाका अन्य विधा र गैरकलात्मक स्वरूपमा परिवर्तन हुने प्रक्रियालाई पुष्टि गरेको छ । केही प्रतिनिधि कवितासङ्ग्रहको विश्लेषण भएको यस अध्ययनले उत्तरवर्ती नेपाली कवितामा विधान्तरण भई विधामिश्रण भएका सृजनाको पर्याप्ततालाई पुष्टि गरेको छ भने यही रिक्तताका आधारमा भावी अनुसन्धान कर्ताले विधामिश्रणलाई अनुसन्धेय विषयका रूपमा चयन गर्न मार्ग निर्देशन गरेको छ ।

नेपाली कवितामा विधान्तरण भई सृजना हुने परम्पराको विकास र विस्तारमा उत्तरवर्ती चरणको भूमिका अन्य चरणको भन्दा तुलनात्मक रूपमा बढी रहेको छ । यस चरणमा आफ्नै दार्शनिकतासहित सञ्चालन भएका आन्दोलनले विधान्तरण भई विधामिश्रण हुने प्रवृत्तिलाई स्थापित गरेको छ । लक्ष्मणप्रसाद गौतम (२०६७) *को समकालीन नेपाली कविताका प्रवृत्ति* शीर्षकको पुस्तकले समकालीन नेपाली कविताका प्रवृत्तिको अध्ययन गर्ने क्रममा कविता विधा आफ्नो विधागत स्वायत्तताबाट विमुख भई कविता कविताका रूपमा नभई अर्कै स्वरूप, संरचना र शैलीमा विकसित भएको निष्कर्ष प्रस्तुत गरेको छ । यस पुस्तकमा प्रस्तुत गरिएका अवधारणाले उत्तरवर्ती चरणका प्रतिनिधिमूलक कवि र तिनका कविता चयन गरी तिनका आधारमा उत्तरवर्ती चरणमा विधान्तरण भई सृजना हुने प्रवृत्ति स्थापित भएको विषयलाई पुष्टि गरेको छ । यस अध्ययनले विधामिश्रणको बृहत्तर पक्षलाई नसमेटी कविताको प्रवृत्तिपरक अध्ययन गर्ने सन्दर्भमा सङ्क्षिप्त स्वरूपमा सीमित रहेको छ । कविताको विधाभञ्जन भई विधामिश्रणको प्रतिमानको रूपमा विधान्तरण भएको प्रस्तुत विवेचनाले उत्तरवर्ती कवितामा विधामिश्रणको अध्ययन गर्नसकिने आधार, अवधारणा तथा मार्गनिर्देश गरेको छ ।

**उत्तरवर्ती नेपाली कवितामा विधाप्रत्ययन**

विधाप्रत्ययन विधामिश्रणको सशक्त प्रतिमानका रूपमा रहेको छ । विधाप्रत्ययन एउटा विधाको रूपमा परिभाषित सृजनामा उक्त विधाको संरचनात्मक स्वरूपका आधारमा कुनै पनि कोणबाट हेर्न नमिल्ने आकार र स्वरूप भएका सृजनालाई कविताका कोटीमा उभ्याई रचना गर्ने प्रवृत्ति रहेको छ । नेपाली कविता परम्परामा विधाप्रत्ययन भई कविता लेख्ने प्रवृत्तिको आरम्भ र विकास प्रयोगवादी धारामा भएको ओ भने यस प्रवृत्तिको निरन्तरता उत्तरवर्ती चरणमा पनि विस्तारित रहेको छ । विधाप्रत्ययन भई संरचित सृजनामा विधागत स्वायत्ततालाई अस्वीकार गरी कविताका नाममा अर्कै विधाको स्वरूप र संरचनालाई प्रश्रय दिइएको हुन्छ । उत्तरर्ती कविता विधामिश्रणको यस प्रतिमानबाट सम्पृक्त रहन सकेको छैन । गोविन्दराज भट्टराई (२०६४) को *उत्तरआधुनिक ऐना* पुस्तकले उत्तरआधुनिक काव्यिक प्राप्तिका रूपमा विधाप्रत्ययनको शैली नेपाली कविताले अवलम्बन गरेको पक्षको पृष्ठपोषण गर्दै कविताका रूपमा रचना भएका सृजना निबन्धात्मक रहेको र शब्दका माध्यमबाट चित्रकारिताको ढाँचामा भएको प्रस्तुतिलाई परम्परित मान्यताको भञ्जन भई नवीन प्राप्तिका रूपमा विधिवत् नेपाली साहित्यले विनिर्माणिक प्रक्रिया अवलम्बन गरेको विषयलाई विवेचना गरेको छ । यस अध्ययनले उत्तरवर्ती नेपाली कवितामा विधाप्रत्ययन भई विधामिश्रण हुने पक्षको पृष्ठपोषण गरेको छ भने विधाप्रत्ययनलाई विधामिश्रणको प्रतिमान स्वीकार गरेको छ । रङ्गवादी आन्दोलनसम्बद्ध स्रष्टाका सृजनाको विनिर्माणवादी विवेचना गर्ने क्रममा भएको यस अध्ययनले विधाभञ्जन भएको सन्दर्भलाई प्रस्तुत गर्ने क्रममा विधाप्रत्ययनको विषयले साङ्केतिक रूपमा प्रवेश पाएको छ । अविधात्मक स्वरूप र संरचनामा कविताको रचना हुने उत्तरवर्ती चरणका कवितामा विधाप्रत्ययनका आधारमा विधामिश्रण हुने आधार

प्रस्तुत गरेको छ । सीमित सृजनामा केन्द्रित रही गरिएको उत्तरवर्ती चरणलाई समेट्न सकेको छैन भने यस अध्ययनले कवितामा विधाप्रत्ययनका विधामिश्रणको भावी अध्ययन गर्न सकिने आधार प्रदान गरेको छ ।

विधाप्रत्ययन सृजन प्रक्रियाको संरचना र शैली दुवै पक्षयँग सम्बन्धित विषय रहेको छ । कविता विधाको परम्परित संरचनाको ढाँचा र प्रस्तुतीकरणको शैलीलाई भञ्जन गरी कवितात्मक संरचनामा कविताइतरका विधाको उपस्थिति भई कव्यिक संरचनाको निर्माण भई विधामिश्रण हुने प्रक्रियाका रूपमा सृजनाक्षेत्रमा यो विषय स्थापित बन्दै गएको छ । लक्ष्मणप्रसाद गौतम (२०६७) को *समकालीन नेपाली कविताका प्रवृत्ति* पुस्तकमा समकालीन नेपाली कविताको प्रवृत्तिका रूपमा स्थापित भएको विधाभञ्जनका आधारमा विधाप्रत्ययन भई सृजना हुने विषयका सम्बन्धमा विमर्श गरिएको छ । यस पुस्तकमा उत्तरवर्ती कवितामा कविता भनिएको तर नाटकीय, निबन्धात्मक, आल्यानात्मक र कतिपय रचनामा सञ्चार माध्यममा वाचन गरिने समाचारको ढाँचामा सृजना हुने प्रक्रिया विधाप्रत्ययनको उदाहरणका रूपमा रहेको निष्कर्ष प्रस्तुत गरिएको छ । सीमित कवितालाई प्रतिनिधिमूलक रूपमा चयन गरी तिनका आधारमा समकालीन प्रवृत्ति पहिचान गर्ने सन्दर्भमा भएको यस अध्ययनका आफ्नै सीमा रहे पनि विनिर्माण प्रक्रियाका बारेमा बोध गर्न सहयोग पुऱ्याएको छ । यस संश्लेषित अध्ययनले कविताको विधागत सार्वभौमिकता भञ्जन गरी रचना भएका सृजनाको पर्याप्तता उत्तरवर्ती चरणमा रहेको तथा तिनको अनुसन्धान गर्न सकिने आधार प्रदान गरेको छ ।

## उत्तरवर्ती नेपाली कवितामा विनिर्माण

विनिर्माण उत्तरआधुनिक बहुलवादको सशक्त प्रतिमान रहेको छ भने यसले कला र साहित्यका अधिकतर विषयलाई प्रभावित तुल्याएको छ । नेपाली साहित्यको उत्तरवर्ती चरणका सृजनामा परम्परित प्रतिमानका व्यतिरेकमा अनेकौं प्रतिमान लिई विनिर्माण साहित्यको प्रतिमान र अध्ययनपद्दतिका रूपमा स्थापित भएको छ । विनिर्माण एउटा प्रक्रिया वा पद्दति मात्र नभई अनेक सिद्धान्त र विचारधारा तथा अध्ययनका प्रतिमानलाई सिद्धान्त प्रदान गर्ने दर्शनका रूपमा रहेको छ । यस दर्शनबाट प्रभावित स्रष्टा र सृजना नेपाली साहित्यमा पर्याप्त रहेका छन् भन् नेपाली कविता पनि यस दर्शनको प्रभावबाट सम्पृक्त रहेको छैन । उत्तरवर्ती चरणका कतिपय आन्दोलन विनिर्माणवादी दर्शनकै आधारमा स्थापित हुनुलाई यसको प्रमाण रहेको छ । उत्तरवर्ती चरणका सृजना सँगसँगै समालोचना र अनुसन्धान कार्यमा समेत यसको दर्शनले गतिलो उपस्थिति जनाइसकेको छ । विनिर्माणका आधारमा नेपाली साहित्यका विधा–उपविधाको अध्ययन, अनुसन्धान र शोधकार्य भएका छन् । कृष्ण गौतम (२०५९) *आधुनिक नेपाली समालोचना : अनेक रूप अनेक पठन* पुस्तकमा प्रह्लाद नाटकको विसङ्घटनात्मक अध्ययन गर्ने सन्दर्भमा द्विचर विरोधका रूपमा ज्ञान/विज्ञान, स्वर्ग/नरक, अध्यात्मिकता/भौतिकता, पुण्य/पाप, सत्य/असत्य, विद्या/अविद्या, वर्तमान/अतीत, मीथक/इतिहास, केन्द्रको विघटनका रूपमा आध्यात्मिक ज्ञान माथिको संशय तथा विधाभञ्जनका रूपमा नाटकमा अन्य विधाको प्रयोगले प्रस्तुत नाटक विनिर्माणवादी आधारमा उभिएको निष्कर्ष निकालिएको छ । नाटकको विवेचना भएको यस अध्ययनले साहित्यको नाटकको मात्र नभई अन्य विधाका कृतिको विनिर्माणवादी सिद्धान्त र त्यसका प्रतिमानका आधारमा अध्ययन गर्न सकिने आधार प्रस्तुत गरेको छ । यसका अतिरिक्त साहित्यको एक कालखण्डको मात्र नभई सबै कालखण्ड र विधा विकासका चरणसम्बद्ध सृजनाको अध्ययन गर्न सकिने अवधारणा प्रस्तुत गरेको छ । विनिर्माणवादले स्थापना गरेका साहित्यकेन्द्री प्रतिमानका आधारमा विवेचना गरिएको यस अध्ययनको सीमा नाटक विधाकेन्द्री रहेको छ भने यस अध्ययनले उत्तरवर्ती कविताको विनिर्माणिक अध्ययनका लागि मार्गनिर्देशनका साथै अध्ययनका लागि रिक्तता रहेको पुष्टि गरेको छ ।

नेपाली साहित्यमा उत्तरआधुनिकतावादी बहुलवादका आधारमा साहित्यको पठन, बोध, विश्लेषण, समालोचना र सैद्धान्तिक आधारका बारेमा अध्ययन र विश्लेषण गर्ने परम्पराको विकास समकालीन अवधिको प्राप्तिका रूपमा रहेको छ ।

उत्तरआधुनिकताको विषयलाई सैद्धान्तिक र प्रयोगिक रूपमा अध्ययन गरेका गोविन्दराज भट्टराई (२०६४) को *उत्तरआधुनिक ऐना* पुस्तकले विनिर्माणवादी दर्शनले स्थापना गरेका प्रतिमानको प्रयोग भएका कृतिले परम्पराभञ्जन गरी नेपाली कवितालाई नयाँ मार्गतर्फ अग्रसर गराई विधाभञ्जन, अन्तर्पाठीयता, केन्द्रभञ्जन, प्रतिलोम विधिको अपरम्परित लेखन जस्ता प्रविधि र प्रवृत्ति नेपाली कवितामा उत्तरआधुनिकतालाई स्थापित गर्ने मार्ग रहेको निष्कर्ष निकालेको छ । भट्टराईको अध्ययनमा विनिर्माणवादका स्थानमा उत्तरआधुनिकता शब्दलाई प्रविधिक र पारिभाषिक शब्दका रूपमा प्रयोग गरे पनि विश्लेषणको सैद्धान्तिक आधारका रूपमा विनिर्माणवादी दर्शनले स्थापित गरेका प्रतिमान उपयोग भएका छन् । एक अर्थमा उनले विनिर्माणवादलाई उत्तरआधुनिकताको पर्यायवाची शब्दका रूपमा परिभाषित गर्न खोजेझैं देखिन्छ भने विनिर्माणवादलाई बहुलवादी दर्शनका स्थानमा महिमामण्डित गर्न खोजेको अर्थ परिलाउन सकिन्छ । उनको अध्ययनले विनिर्माणवादले नेपाली साहित्यको सृजन क्षेत्रमा परम्परित लेखनका स्वरूप र संरचनालाई भञ्जन गरी नवीन प्रवृत्तितर्फ अग्रसर गराएको तथ्यले परवर्ती अध्ययनकका लागि स्थान र मार्ग निर्देशन गरेको छ ।

नेपाली साहित्यकेन्द्री शोध र समालोचनाका क्षेत्रमा विधाकेन्द्री अनुसन्धानअन्तर्गत स्रष्टाकेन्द्री, धाराकेन्द्री, प्रवृत्तिकेन्द्री अध्ययन भएका छन् । पूर्वीय/पाश्चात्य क्षेत्रमा स्थापना भएका विभिन्न सिद्धान्त र तिनका स्थूल/सूक्ष्म दुवै प्रतिमानका आधारमा साहित्यका प्रायः सबै विधा–उपविधाको अनुसन्धान र समालोचना गरिएका छन् भने कविता विधा पनि यसका लागि उबर्र क्षेत्रअन्तर्गत पर्दछ । नेपाली कविताको आधुनिक अवधिको पछिल्लो चरणमा विद्यमान प्रवृत्तिका विषयमा अध्ययन गरेका लक्ष्मणप्रसाद गौतम (२०६७) को *समकालीन नेपाली कविताका प्रवृत्ति* पुस्तकमा नेपाली कविताको समकालीन प्रवृत्तिका रूपमा विनिर्माणवादी दर्शन र सिद्धान्तबाट प्रभाव ग्रहण गरी सृजना गर्ने प्रवृत्ति स्थापित भएको विषयलाई सोदाहरण विवेचना गरेका छन् । पुराना केन्द्रको भञ्जन र नयाँ केन्द्रको स्थापना, अर्थको अनिर्धारण जस्ता समकालीन नेपाली कविता विनिर्माणवादी दर्शन र सिद्धान्तबाट प्रभावित रहेका रचनामा विनिर्माणका रूपमा केन्द्र–किनाराको आवाज र अनिश्चित अर्थमा संरचित कृतिमा विधागत संरचना भत्किई अविधाको स्वरूप भएका रचनाको निर्माण विनिर्माणवाद अनुप्रणित दर्शनबाट पूर्णतः प्रभावित रहेको निष्कर्ष निकालिएको छ । यस अध्ययनले समकालीन अवधिमा विनिर्माणवादी लेखन पद्दतिलाई नेपाली कविताले ग्रहण गरिसकेको तथा त्यस सिद्धान्तका सापेक्षमा सृजनाप्रक्रिया क्रियाशील रहेको विषयलाई पुष्टि गरेको छ । प्रवृत्तिपरक अध्ययन र त्यसको प्राप्तिलाई प्रतिनिधिमूलक रूपमा नमुना छनोट गरी विवेचना गरिएको यस अध्ययनले बुहतर क्षेत्र र विनिर्माणका अन्य पक्षलाई समेट्न नसके पनि संश्लेषित रूपममा भावी अध्ययनको रिक्तता र अध्ययन गर्ने आधार प्रदान गरेको छ ।

विनिर्माणवादी अध्ययनका दृष्टिले आख्यान सबैभन्दा उर्वर विधाका रूपमा रहेको छ । नेपाली अनुसन्धान कार्यमा अन्य विधाका तुलनामा आख्यानको विनिर्माणिक अध्ययन र अनुसन्धान गरिनु यसको प्रमाण हो । सुम्निमा उपन्यासको विनिर्माणवादी अध्ययन गरेका दुर्गाबहादुर घर्ती (२०७१) को 'विनिर्माणवादी दृष्टिमा सुम्निमा उपन्यास' शीर्षक लेखले प्राचीन दर्शन र तिनले निर्धारण गरेको संस्कृतिको भञ्जन एवं किरात संस्कृतिसँग उक्त संस्कृति अन्तर्मिश्रण भई वर्तमान नेपाली समाज र संस्कृतिको निर्माण भएको तथा द्विचर विरोधका रूपमा प्रकृति–संस्कृति, विचार–दर्शन, जीवनशैली–चेतना जस्ता विषयलाई विनिर्माणको आधार र व्याख्येय प्रतिमान मानी अध्ययनलाई पूर्णता दिएको छ । यस अध्ययनमा उपन्यासलाई आधार मानी पूर्णता दिइएको छ भने विनिर्माणवादका भिन्नता र द्विचरविरोध जस्ता प्रतिमानका आधारमा मात्र विवेचना गर्नु सीमा बन्न पुगेको छ । उपन्यासलाई अन्य प्रतिमानका आधारमा विवेचना गर्नसक्ने पर्याप्त आधार रहेका छन् । यस अध्ययनले विवेच्य उपन्यासमा रहेको विधाभञ्जन र विधामिश्रण जस्ता विनिर्माणिक प्रक्रियाका बारेमा उल्लेख र सङ्केत गरेको छैन । यस अध्ययनले विनिर्माणवादी सिद्धान्तअन्तर्गत आख्यानकै तुलनीय अन्य विधाको अनुसन्धान र समालोचना केन्द्रभञ्जन र

द्विचरविरोध जस्ता प्रतिमानका आधारमा अध्ययन गर्न सकिने रिक्तता र भावी अध्ययनका लागि मार्गनिर्देशन प्रदान गरेको छ ।

**निष्कर्ष**

नेपाली साहित्यमा समकालीनतासँग जोडिएको उत्तरवर्ती चरण उत्तरआधुनिकतावादी बहुलवादका विभिन्न दर्शन र तिनलाई अवलम्बन गर्ने दिशामा अग्रसर रहेका छन् । उत्तरआधुनिकतावादलाई स्वीकार गरेको नेपाली साहित्यले विनिर्माणवादी दर्शन र त्यसले स्थापना गरेका साहित्यकेन्द्री सिद्धान्तलाई आधार मानी सृजना गर्ने पद्दति विकसित बन्दै गएको छ । विनिर्माणवादी दर्शनले सृजना क्षेत्रलाई मात्र गतिशील नतुल्याई शोध र समालोचना क्षेत्रलाई विश्लेषण गर्ने आधार र प्रतिमान दिएको छ । उत्तरवर्ती कवितामा विधामिश्रणकेन्द्री यस अध्ययनमा विनिर्माणिक प्रक्रियाका रूपमा विधामिश्रण भएका कविताको अन्तर्घुलन, विधान्तरण, र विधाप्रत्ययन जस्ता सूक्ष्म प्रतिमानका आधारमा अध्ययन गरी ती विषयको विनिर्माणसँगको अन्तर्सम्बन्धसँग सम्बन्धित पूर्वकार्यको समीक्षा गरिएको छ । कविताकेन्द्री यस अध्ययनमा विधाभञ्जन र विधामिश्रण भएका पूर्वकार्यका साथै विधामिश्रणको मूल सिद्धान्तका रूपमा रहेको विनिर्माणवादसम्बद्ध अध्ययनलाई पनि पूर्वकार्यका रूपमा लिई तिनको समीक्षा गरी आगामी अनुसन्धानका लागि रिक्तताको पहिचान गरिएको छ । विधामिश्रणका विषयमा भएका अध्ययन स्वतन्त्र रूपमा नभई विनिर्माणको प्रतिमानका रूपमा भएको छ । नेपाली शोध/अनुसन्धानका क्षेत्रमा साहित्यमा विधामिश्रण हुने सैद्धान्तिक आधारका रूपमा विनिर्माणलाई लिई अनुसन्धान भए पनि विधामिश्रणका आधारमा छुट्टै शोधकार्य र अनुसन्धानमा रिक्तता रहेको छ । यस अध्ययनमा उपर्युक्त पूर्वकार्यको समीक्षाका आधारमा नेपाली साहित्यिक शोधक्षेत्रमा कवितामा विधामिश्रण विषय रिक्त र अनुसन्धेय विषय रहेको निष्कर्ष हुनआउँछ ।

## सन्दर्भ सामग्रीसूची

गौतम. कृष्ण (२०५९). *आधुनिक नेपाली समालोचना : अनेक रूप अनेक पठन*. (दोस्रो संस्क.), साझा प्रकाशन ।

गौतम. लक्ष्मणप्रसाद (२०६७). *समकालीन नेपाली कविताका प्रवृत्ति*. पैरवी बुक हाउस ।

घर्ती. दुर्गाबहादुर (२०७१). 'विनिर्माणवादी दृष्टिमा सुम्निमा उपन्यास'. *वाङ्मय*. वर्ष–१५(१५), पृ. १–१० ।

भट्टराई. गोविन्दराज (२०६४). *उत्तरआधुनिक ऐना*. (दोस्रो संस्क.), रत्न पुस्तक भण्डार ।